# मादी नगरपालीकाको विनियोजन विधेयक, २०७८

## नगरसभाबाट पारित मिति : २०७८।०३।२७

## मादी, संङ्खुवासभा

श्री सभाध्यक्षज्यू,

नगरसभाले पारित गरे बमोजिम ठिक छ |

दस्तखत :

नाम, थर : गोरखनाथ मिश्र

पद : सचिब (प्र.प्र.अ.)

मिति : २०७७.०३.२७

प्रमाणीकरण गर्नेको :

दस्तखत :

नाम, थर : बिदुर कुमार लिन्थेप

पद : सभाध्यक्ष (नगर प्रमुख)

मिति : २०७७.०३.२७

बिधेयक संख्या :

# मादी नगरपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : मादी नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मादी नगरसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मादी नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखी प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त मादीन गरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४२,१३,९६,९४०।- (अक्षरेपी वयालीस करोड तेह्र लाख छयानव्वे हजार नौ सय चालीस रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) मादी नगरपालिका भित्र आर्थिक वर्ष ०७८।०७९ मा सन्चालन हुने वार्षिक विकास योजना तथा कार्यक्रम र बजेटको विवरण अनुसुची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त मादी नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | नगर कार्यपालिका | रु.५,९१,९४,०००।- | रु.१३,१७,०६,९४०।० | रु.०।० | रु.१९,०९,००,९४०।० |
| २ | वडा समिति | रु.०।० | रु.२,५०,००,०००।- | रु.०।० | रु.२,५०,००,०००।० |
| ३ | बिषयगत शाखा | रु.१८,०५,००,०००।० | रु.०।० | रु.०।० | रु.१८,०५,००,०००।० |
| ४ | विशेष अनुदान (संघ) | रु.१,२५,००,०००।० | रु.०।० | रु.०।० | रु.१,२५,००,०००।० |
| ५ | समपुरक अनुदान, प्रदेश | रु.१,००,००,०००।० | रु.०।० | रु.०।० | रु.१,००,००,०००।० |
| ६ | सशर्त अनुदान, प्रदेश | रु.२४,९६,०००।० | रु.०।० | रु.०।० | रु.२४,९६,०००।० |
| | जम्मा | २६,४६,९०,०००।० | १५,६७,०६,९४०।० | ०।० | ४२,१३,९६,९४०।० |